

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नै छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १३९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ जेठ २१ गते शनिबार ❑ 4 June 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## जनतालाई केन्द्रमा राखेर सेवा गर्न अध्यक्ष प्रचण्डको निर्देशन

**रासस**
**काठमाडौं, २० जेठ**

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनतालाई केन्द्रमा राखेर उनीहरुको सुख दुःखमा साथ दिएर काम गर्न स्थानीय तहका प्रमुख तथा उपप्रमुखलाई निर्देशन दिनुभएको छ ।

उहाँले भन्नुभयो, "जनतामा माओवादी नै सेवक हो, सुख दुःखमा साथ दिन्छ भन्ने मान्यता स्थापित हुने गरी काम गर्नुस् ।" सुदूरपश्चिम, लुम्बिनी र कर्णाली प्रदेशका प्रमुख तथा उपप्रमुखलाई शुक्रबार आफ्नै निवास खुमलटारमा आयोजित एक कार्यक्रममा उहाँले विकास निर्माणको काम गर्दासमेत स्थानीय आवश्यकता र जनताको चाहनालाई ख्याल गर्न आग्रह गर्नुभएको थियो ।

स्थानीय तहका नवनिर्वाचित प्रमुख/उपप्रमुखको अभिमुखीकरण कार्यक्रममा सहभागी हुन काठमाडौँ आएका देशैभरका जनप्रतिनिधिलाई पनि अध्यक्ष दाहालले सोही खालको निर्देशन दिनुभएको थियो । कार्यक्रममा सहभागी कर्णाली प्रदेश अध्यक्ष विमला केसीका अनुसार सबै प्रतिनिधिलाई अध्यक्ष प्रचण्डले बधाई तथा शुभकामना मात्रै दिनुभएन, स्थानीय सरकार जनतामा जोडिएको सरकार भएकाले भूमिका बढाउनसमेत आग्रह गर्नुभएको थियो ।

अध्यक्ष दाहालले जनताको मन जितेर काम गरेको खण्डमा पार्टीलाई एक नम्बरको बनाउन कुनै समस्या नहुने बताउनुभएको थियो । पार्टीको विचार, सिद्धान्त र आचरणविपरीत कुनै पनि गतिविधि नगर्न आग्रह गर्दै उहाँले सबैलाई सचेत गराउनुभएको थियो । अध्यक्ष दाहालको सचिवालयले पनि पार्टीसम्बद्ध स्थानीय तहका जनप्रतिनिधिलाई इमान्दार भएर काम गर्न स्पष्ट शब्दमा निर्देशन दिनुभएको पुष्टि गरेको छ ।

माओवादीले बुधबार र बिहीबार देशैभरका नवनिर्वाचित स्थानीय तहका प्रमुख/उपप्रमुखलाई काठमाडौँ बोलाएर विभिन्न विधामा प्रशिक्षण दिएको थियो । आगामी आवको नीति तथा कार्यक्रम र बजेट तयार पार्नुअघि दिइएको प्रशिक्षणले सकारात्मक प्रभाव पर्ने कार्यक्रममा सहभागीको भनाइ छ ।

## निर्वाचनलाई प्रभावित बनाउने कार्यक्रममा सहभागी नहुनू : निर्वाचन आयोग

**रासस**
**काठमाडौं, २० जेठ**

निर्वाचन आयोग नेपालले जिल्ला समन्वय समितिको निर्वाचनलाई प्रभावित बनाउने कार्यक्रममा सहभागी नहुन स्थानीय तहका नवनिर्वाचित जनप्रतिनिधिलाई अनुरोध गरेको छ ।

सो निर्वाचन सम्पन्न नभएसम्म आफ्नो कार्यक्षेत्र नछाड्न पनि जनप्रतिनिधिलाई आग्रह गरिएको छ । आयोगले शुक्रबार एक विज्ञप्ति जारी गर्दै जनप्रतिनिधिहरूलाई निर्वाचनलाई प्रभाव पार्ने गरी प्रशिक्षण, गोष्ठी आयोजना नगर्न र नगराउन सरकार, प्रदेश सरकार, राजनीतिक दललगायत सरोकारवालालाई आग्रह गरेको हो । जिल्ला समन्वय समितिको निर्वाचनमा गाउँपालिका अध्यक्ष र उपाध्यक्ष, नगरपालिका प्रमुख र उपप्रमुख मतदाता हुने कानुनी व्यवस्था छ । हाल निर्वाचन सुरु भइसकेपछि कानुनमा उल्लिखित समय अवधिभित्र सम्पन्न गरिसक्नुपर्ने र बीचमा रोक्न नमिल्ने भएकाले निर्वाचन सम्पन्न नहुँदासम्मका लागि यस्ता कार्यक्रम नगर्न भनिएको हो । गत वैशाख ३० गते स्थानीय तहको निर्वाचन सम्पन्न भएपछि गाउँ कार्यपालिका तथा नगर कार्यपालिका सदस्य निर्वाचन निर्देशिका, २०७८ को दफल (४) बमोजिम गाउँ कार्यपालिका सदस्य र नगर कार्यपालिका सदस्यको निर्वाचन सम्पन्न भइसकेको छ । सो पश्चात् हुने जिल्ला समन्वय समितिको निर्वाचन निर्देशिका, २०७८ को दफा (५) बमोजिमको अवधिभित्र निर्वाचन गर्न सबै मुख्य निर्वाचन अधिकृतहरूलाई निर्देशन गरिसकिएको आयोगले जनाएको छ ।

## शुक्लागण्डकीमा सेवा प्रवाह सञ्चालन केन्द्र सञ्चालन

**पोखरापत्र संवाददाता**
**दमौली, २० जेठ**

केही काम लिएर तनहुँको शुक्लागण्डकी नगरपालिका जाँदै हुनुहुन्छ ? नगरपालिका प्रवेश गरिसकेपछि सम्बन्धित शाखा खोज्दै हैरानी बेहोर्नुभएको छ ? सामान्य कामका लागि पनि कोठाकोठा चहार्दै हिँड्दा सास्ती खेप्दै आउनुभएको छ भने अब त्यस्तो समस्या अन्त्य हुने भएको छ ।

सरकारी कार्यालयमा सेवाग्राहीलाई सेवा लिन हुने झण्झटको अन्त्य गर्नका लागि शुक्लागण्डकी नगरपालिकाले 'सेवा प्रवाह सञ्चालन केन्द्र' सुरु गरेको छ । यो सेवा केन्द्र सञ्चालन भएपछि सेवाग्राही अब सेवा लिन कोठा कोठा हिँड्नु पर्दैन । सेवा केन्द्रमा पुगेर फाइल बुझाएपछि सेवाग्राहीले आराम गर्दै गर्दा काम सकाएर फाइल हातमै पाउँछन् । नगरपालिका आउँदा फाइल बोकेर कोठाकोठा धाउनुपर्ने अवस्थाको अन्त्य गर्न नगरपालिकाले सेवा प्रवाह सञ्चालन केन्द्र सुरु गरेपछि नगरवासी खुसी भएका छन् । दुलेगौडाका ज्योतिकुमार श्रेष्ठले नगरपालिकामा राम्रो कामको सुरुआत भएको बताउनुभयो । स्थानीयवासी विष्णु पराजुली अधिकारीले उदाहरणीय कामको सुरुआत भएको बताउँदै समय निर्धारण गर्नुपर्ने बताउनुभयो । "समय पनि तोक्न पाए राम्रो हुन्छ, समय लामो भयो भने फाइल कुर्दा कुर्दै बास बस्नपर्ने अवस्था पनि नआउला भन्न सकिदैन", उहाँले भन्नुभयो । नगरपालिकाको सार्वजनिक सेवा प्रवाहलाई सहज, छिटो, पारदर्शी र नागरिकमैत्री बनाउन केन्द्र सञ्चालनमा ल्याइएको उपप्रमुख खुमबहादुर विकले जानकारी दिनुभयो । "सेवाग्राही कार्यालयमा सेवा लिन आउँदा विभिन्न कोठा चाहर्नुपर्ने बाध्यताको अन्त्यका लागि केन्द्र सुरु गरेका हौं", उहाँले भन्नुभयो, "केन्द्र सञ्चालनमा आएपछि सेवाग्राहीले सहजरुपमा सेवा पाउनुहुनेछ ।" नगरपालिकाको भुइँ तल्लामा रहेको सेवा प्रवाह सञ्चालन केन्द्रमा सेवाग्राहीले फाइल बुझाएपछि केन्द्रका कर्मचारीले सम्बन्धित सबै फाँट/शाखामा लगेर काम सम्पन्न गरी फाइल पुनःसेवाग्राहीलाई बुझाउनेछन् ।

तोकिएको मापदण्डबमोजिमको कागजातको अभाव देखिएमा वा रितपूर्वक नदेखिएमा उक्त केन्द्रमा राखिएको टेलिफोन सेवाको प्रयोग गरी सम्बन्धित शाखाको अधिकारीले सेवा केन्द्रका कर्मचारीको समन्वयमा सेवाग्राहीसँग प्रत्यक्ष टेलिफोन वार्ता गरी केकति कारणले फाइल रोकिएको हो, त्यसका कारण र नपुग कागजात, विधि र प्रक्रियाबारे बुझाइने उपप्रमुख विकले बताउनुभयो ।

## शिवालय माविमा जनप्रतिनिधिलाई बधाई र शुभकामना

**पोखरापत्र संवाददाता**
**पोखरा, २० जेठ**

कास्कीको रूपा गाउँपालिका-२, थुम्कीस्थित शिवालय माध्यमिक विद्यालयले नवनिर्वाचित जनप्रतिनिधिहरूलाई शुक्रबार बधाई तथा शुभकामनासहित सम्मान गरेको छ ।




सो गाउँपालिकाको वडा नम्बर २ को वडा अध्यक्षमा निर्वाचित विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजन सुवेदीसँगै वडा सदस्यहरूलाई सम्मान गरिएको हो । वडा सदस्यमा निर्वाचित सोही विद्यालयका शिक्षक-अभिभावक सङ्घका अध्यक्ष रामचन्द्र ओझा र विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष रामबाबु सुवेदी तथा हिता रुपाखेती र अनिता रानालाई पनि सम्मान गरिएको थियो । त्यसै गरी गाउँपालिकाकै उपाध्यक्षमा निर्वाचित विद्यालयकी पूर्व विद्यार्थी लालसुब्बा गुरुङलाई पनि सम्मान गरिएको थियो । सम्मानित व्यक्तित्वहरूलाई प्रधानाध्यापक रुपिन्द्र प्रभावी, विद्यालय व्यवस्थापन समितिका सदस्य श्रीकृष्ण सुवेदी, विमला गुरुङ, कौशिला परियार तथा शिक्षक विद्यार्थीहरूले फूल, माला, अबिर, सम्मानपत्र, दोसल्लाले सम्मान गरेका थिए । कार्यक्रममा बोल्दै नवनिर्वाचित वडा अध्यक्ष राजन सुवेदीले वडा नम्बर २ लाई नमुना वडा बनाउन पहल गर्ने बताए । शिक्षालाई सधैँ प्राथमिकतामा राखेर योजना अघि बढाउने प्रतिबद्धता व्यक्त गर्दै उनले शिवालयको हितका लागि हिजोभन्दा पनि थप ऊर्जाका साथ अघि बढ्ने धारणा राखे । आफू निर्वाचित हुनुमा विद्यालय परिवारले गरेको सकारात्मक साथको खुलेर प्रशंसा गर्दै आगामी दिनमा पनि सामान्य गल्ती हुँदा पनि सुझाव दिन आग्रह गरे । विद्यालय व्यवस्थाप समितिका कार्यवाहक अध्यक्ष धनपति ओझाको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका प्रधानाध्यापक रुपिन्द्र प्रभावी, पूर्व प्रधानाध्यापक जयराम सुवेदी, शिक्षक-अभिभावक सङ्घकी शिक्षक प्रतिनिधि शान्ता तिमल्सेनालगायतले शुभकामना दिएका थिए ।

## जिल्ला समन्वय समिति प्रमुखमा पौडेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २० जेठ**

जिल्ला समन्वय समिति कास्कीको प्रमुखमा लिलाधर पौडल निर्वाचित भएका छन् ।

एमालेका पौडेलले नोपली कागेंसका दीपेन्द्र ढकाललाई पछि पार्दै निर्वाचित भएका हुन् ।

५ बर्षीय कार्यकालको लागि उपप्रमुखमा सरिता कुमाल निर्वाचित भईन । एमालेकी कुमालले कागेंसकी उषा थापालाई पराजित गरेकी हुन् ।



त्यसैगरी अन्य सदस्यहरुमा समेत एमालेबाटै निर्वाचित भए । सदस्यहरुमा सीता देवी वि.क., हर्क बहादुर गुरुङ, राजु अधिकारी, गणेश बहादुर घर्ति, वालिका सुवेदी, लक्ष्मी दमै, सुकमाया नेपाली रहेका छन् । कास्कीका ५ वटा पालिकाहरु मध्य एमालेले रुपा गाउँपालिकामा अध्यक्ष, उपाध्यक्ष, अन्नपुर्णमा अध्यक्ष, उपाध्यक्ष, मादीमा उपाध्यक्ष र पोखरा महानगरमा उपमेयरमा जित हासिल गरेको थियो । कागेंसले भने माछापुच्छ्रे गाउँपालिकामा अध्यक्ष, उपाध्यक्ष, मादीमा अध्यक्षमा जित हासिल गरेको छ ।

पोखरामा मेयर नेकपा एकिकृत समाजबादीका र उपमेयरमा एमालकी उमेदवार निर्वाचित भएकी हुन् ।

## सरकारबाट पाउँने सेवा सुविधा नलिने वडा अध्यक्ष : विष्णु बहादुर भट्टराई

**पोखरापत्र संवाददाता**
**पोखरा, २० जेठ**

पोखरा महानगर पालिका वडा नं- ६ का नवं निर्वाचित वडा अध्यक्ष विष्णु बहादुर भट्टराईले नेपाल सरकार बाट पाउँने सेवा सुविधा आफुले अब को पाचँ बर्ष सम्म नलिने बताएका छन ।



पोखरा महानगर पालिका वडा नं- ६ बैदामका अन्नपूर्ण आमा समुह र बगैचा टोल विकास संस्थाले शक्रुबार आयोजना गरेको नव निर्वाचित जनप्रतिनिधिलाई स्वागत तथा सम्मान गरेको कार्यक्रममा अध्यक्ष भट्टराईले उक्त कुरा बताए छन । "हामीलाई जनताले पाँच बर्षका लागि आफ्नो क्षेत्रको विकास निर्माण सहित वडाबासीको सेवा गर्ने पठाएको स्मंरण गर्दै अबको पाँच बर्ष सम्म नेपाल सरकार बाट पाउने जे जति सेवा सुविधि छन, सवै वडामा रहेको सामाजिक संघ सस्थालाई दामासाहि हिसावले प्रदान गर्ने छु" उनले भने । भट्टराईले "हिजो हामी जुन राजनिति पार्टि बाट प्रतिनिधित्व गरे पनि अबका दिनमा हामीहरु सबैका साझा ब्यक्ति भएको बताउदै राजनैतिक नजरबाट नहेर्ने" आग्रह गरे । बैदाम क्षेत्र नेपालकै पर्यटकीए क्षेत्र भएकाले यस क्षेत्रलाई पर्यटन मैत्रि बनाउनेमा आफु लागि पर्ने कुरामा जोड दिए । नेपाल सरकारको ट्रष्टको स्वमित्वमा रहेको रत्न मन्दिरलाई पोखरा महानगर पालिकाको स्वामित्वमा ल्याउन आफुले पहल गर्ने बताउदै, लेकसाइडमा रहेका अधुरा अपुरा कामहरुलाई अगाडि बढाने प्रतिबद्धता ब्यक्त गरे । अबको पाँच बर्ष भित्र बैदाम क्षेत्रमा सुविधा सम्पन्न सार्वजनिक शौचालय बनाउने र वडाबाट दिने सेवा सुबिधा लाई छिटो छरितो र पारदर्शि बनाउने योजना रहेको सुनाए । वडा सदस्यहरु बासु बराल र शोभा जलारीले जनताले दिएको मतको सम्मान गर्दै,


**बाँकी अन्तिम पृष्ठमा ▶▶**



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# हाम्रो सहयोगी सहकारीको सेवाकेन्द्र स्थापनासम्म’

पोखरापत्र संवाददाता
पोखरा, २० जेठ

हाम्रो सहयोगी बचत तथा ऋण सहकारी संस्थाले पोखरा महानगरपालिका १४ चाउँथेमा सेवाकेन्द्र विस्तार गरेको छ।

पोखरा ९ पृथ्वीचोकस्थित पोखरा मलमा मुख्य कार्यालय रहेको सहकारीले आफ्नो १३ औं वार्षिकोत्सवको अवसरमा शुक्रबारदेखि चाउँथेमा सेवाकेन्द्र सञ्चालनमा ल्याएको हो।

उक्त कार्यालयको उद्घाटन पोखरा महानगरपालिकाका मयेर धनराज आचार्यले गरे । सो अवसरमा बोल्दै मेयर आचार्यले सहकारी वित्तिय क्षेत्रको मेरुडण्ड रहेको धारणा राखे।

उनले विधानमा उल्लेख भए अनुसार आफ्ना सेवाग्राहीलाई सर्वसुलभ सेवा प्रदान गर्नुपर्ने बताउदै सफलताको शुभकामना व्यक्त गरे । ‘तपाइहरुको विधान अनुसार आफ्ना सेवाग्राहीलाई सर्वसुलभ सेवा प्रदान गर्ने कुरामा तपाईहरु सफल हुनुहोस्, उनले भने, ‘यो अफिसले पनि हेड अफिसले जस्तै सेवाहरु प्रवाह गर्न सकोस सबैलाई शुभकामना।’ मेयर आचार्यले आगामी दिनमा हरेक वडामा दुइवटा सहकार ीसगँ समन्वय गरेर उत्पादनको प्रवर्द्धन गर्न कोसेली घर निर्माण गर्रे बताए । ‘हामीले आउने



दिनमा हरेका वडाको एउटा वा दुइटा सहकारीसँग मिलेर उत्पादनमा जनसमुदायलाई जोड्ने उद्देश्यसहित कोसेली घर बनाउने गरि हामीले योजनामा राखेका छौ, उनले भने, ‘ त्यसकारण सहकारी पनि हाम्रो कामको एउटा क्षेत्र बन्दैछ । आउने १० गते बजेट ल्याउदै छौ। त्यसको नीति तथा कार्यक्रममा समावेश गरेपछि राम्रोसँग हेर्न र बुझ्न पाउँनुहुनेछ। र पोखरा महानगरपालिका सहकारीसँग सहकार्य गरेरै अगाडी बढ्ने नीति रहेको छ।’ त्यसैगरि वडा १४ का अध्यक्ष बोधराज कार्कीले उक्त सहकारीसँग पुराने सम्बन्ध रहेको बताउदै वडाको तर्फबाट सहयोग गर्ने प्रतिबद्धता जनाए। उनले स्थानीयबासीलाई आफ्नै टोलमा सहकारी आएकोले बचत गर्ने बानीको विकास गर्न सुझाव दिए। उनले वैंकले भन्दा सहकारीले सेवा दिने बताउदै सेवाको सदुपयोग गर्नुपर्नेमा जोड दिए।

अध्यक्ष कार्कीले फरक प्रसंगमा बोल्दै आफ्नो वडालाई नमुना वडाको रुपमा विकास गर्न लागिपरेको बताए । ‘हाम्रो वडालाई नमुना वडा बनाउने योजनामा छौ, उनले भने, ‘त्यसको लागि प्रत्येक टोल र क्लबहरुको सहयोग चाहिन्छ । त्यसैले हामीले ५ वर्षमा यस वडालाई नमुना र स्मार्ट बनाएर मात्रै जानेछौ ।’ उक्त कार्यक्रममा पोखरा महानगरपालिका १७ वडाध्यक्ष राधिका शाही योगी, मादी गाउँपालिका ४ का वडाध्यक्ष शिव सापकोटा, गण्डकी चेम्बर्स अफ कमर्सका गण्डकी अध्यक्ष किसान सुनार, सहकारी व्यवस्थापन क्लबका अध्यक्ष अपिल कोईराला, शुन्दर टोल विकास संस्थाका अध्यक्ष बलराम लामा लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

संस्थाको वार्षिकोत्सवको अवसरमा आयोजित रक्तदान कार्यक्रममा कुल ५१ यूनिट संकलन भएको छ।

‘रक्तदान जीवनदान, जीवनदान महादान’ भन्ने नार ासहित आयोजित कार्यक्रममा ५१ यूनिट संकलन भएको हो। पहिलो रक्तदातालाई पोखरा १४ का वडाअध्यक्ष बोधराज कार्कीले व्लडब्याग हस्तान्तरण गरेर रक्तदान शुभारम्भ गरेको थिए । वार्षिकोत्सव समारोहमा सहभागीहरुले रक्तदान गरेका थिए । उक्त कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्की र रक्तसञ्चार केन्द्र रामघाटको प्राविधिक सहयोग रहेको थियो। सो अवसरमा कार्यक्रममा सहभागीहरुलाई निशुल्क सुगर परिक्षण गर्ने व्यवस्था समेत गरिएको थियो।

सहकारी संस्थाका अध्यक्ष शुक्रराज कंडेलको सभापतित्वमा सम्पन्न कार्यक्रममा उपाध्यक्ष रुद्र बहादुर विकले स्वागत मन्तव्य व्यक्त गरेका थिए भने सचिव कृष्णप्रसाद तिमिल्सिनाले कार्यक्रम सञ्चालन गरेका थिए।

# पृथ्वीराजमार्गको याम्पा–घाँसीकुवा खण्ड दैनिक पाँच घण्टा बन्द

पोखरापत्र संवाददाता
दमौली, २० जेठ

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको याम्पाफाँट र घाँसीकुवा खण्ड दैनिक पाँच घण्टा बन्द हुने भएको छ। मुग्लिङ-पोखरा सडक विस्तार योजनाअन्तर्गत उक्त खण्डमा सडक खन्ने कार्य गर्नुपर्ने भएकाले सडक बन्द गर्न लागिएको हो।

बन्दीपुर गाउँपालिका-५ स्थित याम्पाफाँट र व्यास नगरपालिका-१२ घाँसीकुवा खण्डमा आइतबारदेखि अर्को सूचना नभएसम्मका लागि राति ११ देखि बिहान ४ बजेसम्म यातायातका साधन सञ्चालनमा रोक लगाइएको मुग्लिङ-पोखरा सडकयोजना, तनहुँका आयोजना प्रमुख नरेन्द्र सुवेदीले जानकारी दिनुभयो । “नियमितरूपमा यातायात सञ्चालन हुँदा काम गर्न असहज भएकाले रातिको समयमा सडक बन्द गरी काम गर्न लागेका हौँ” उहाँले भन्नुभयो।

आयोजनाको पूर्वी खण्डतर्फ सडक चौडा बनाउने काम भइरहेको छ । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्शनले पाएको छ। सडक विस्तारका लागि राजमार्ग आसपासका रुख काटिएका छन् । हालसम्म पूर्वी खण्डमा तीन हजार १४ रुख कटान भइसकेका छन्। मुग्लिङ-पोखरा सडक विस्तारकार्यअन्तर्गत पश्चिम खण्डबाट पनि काम सुरु भइसकेको छ । पश्चिम (जामुने-पोखरा) खण्डको ठेक्का यनहुइ काइयुयान हाइवे एन्ड ब्रिज कन्सट्रक्शन कम्पनीले पाएको छ । विसं २०२६ मा रेखाङ्कन भएको उक्त सडकमा सवारीसाधनको चाप बढ्दै गएपछि एशियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो। असी किलोमिटर सडकलाई दुई खण्डमा विभाजन गरेर ठेक्का लगाइएको छ।

पूर्वी खण्डको लागत रु ६ अर्ब २१ करोड ३१ लाखमा र पश्चिम खण्डको लागत रु सात अर्ब ४० करोड ४६ लाख छ। सडक चार लेनको बन्दा नयाँ पुल बनाउनुपर्ने छ । आँबुखैरेनीबाट पोखरासम्मको ८० किलोमिटर दूरीमा सडक चार लेन भएसँगै ३१ नयाँ मोटरेबल पुल निर्माण हुनेछन्।

# मलेसिया जाने श्रमिकको स्वास्थ्य परीक्षणका समस्या समाधान

रासस
काठमाडौं, २० जेठ

वैदेशिक रोजगारीका लागि मलेसिया जाने श्रमिकको बायोमेट्रिक स्वास्थ्य परीक्षणमा देखिएको समस्या समाधान गर्न सरोकारवाला सहमत भएका छन्।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा मन्त्री कृष्णकुमार श्रेष्ठ र सचिव एकनारायण अर्यालसहित स्वास्थ्य व्यवसायी तथा वैदेशिक रोजगार व्यवसायीका प्रतिनिधिबीच बिहीबार भएको छलफलमा सरोकारवालाले बायोमेट्रिक स्वास्थ्य परीक्षणमा देखिएको समस्या तत्काल समाधान गर्ने प्रतिबद्धता जनाइएको मन्त्रालयले जनाएएको छ । त्यसका लागि अबदेखि पूर्व श्रम स्वीकृतिका सबै प्रक्रिया पूरा गरेपछि मात्रै श्रमिकको बायोमेट्रिक स्वास्थ्य परीक्षण गरिनेछ । अहिले श्रम स्वीकृतिको प्रक्रिया सुरु नहुँदै दैनिक हजारौँ श्रमिक बायोमेट्रिक स्वास्थ्य परीक्षणका लागि जाने गरेका छन्। पूर्व श्रम स्वीकृतिका सबै प्रक्रिया पूरा गरेपछि मात्र स्वास्थ्य परीक्षणका लागि सूचीकृत स्वास्थ्य संस्थाले बायोमेट्रिक स्वास्थ्य परीक्षण गर्नेछन् । नेपाली कामदारको प्रमुख गन्तव्य मुलुकका रुपमा रहँदै आएको मलेसिया रोजगारी लामो समयपछि नियमित भएपछि स्वास्थ्य परीक्षणको चाप बढेको स्वास्थ्य व्यवसायीको भनाइ छ।

स्वास्थ्य परीक्षणमा देखिएको समस्या समाधान गर्न स्वास्थ्य व्यवसायी तथा वैदेशिक रोजगार व्यवसायीले संयुक्त वक्तव्य जारी गर्ने, पूर्व श्रम स्वीकृतिका सबै प्रक्रिया पूरा नगरी स्वास्थ्य परीक्षण नगर्ने, नियमानुसार नगर्ने संस्थालाई कारबाहीको दायरामा ल्याउने र स्वास्थ्य परीक्षणको विवरण साप्ताहिकरुपमा मन्त्रालयमा बुझाउने निर्णय भएको छ।

मन्त्री श्रेष्ठले मन्त्रालयबाट हुने सेवालाई अनलाइनबाट प्रवाह गरी छिटोछरितो गरिएको भन्दै अन्य सरोकारवाला संस्थाहरुले पनि श्रमिकलाई दुःख दिन नहुने बताउनुभयो।

# महिला क्लब पोखराको शैक्षिक सामाग्री वितरण कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, २० जेठ

सामाजिक कार्यमा क्रियाशिल पोखरा महानगरपालिका वडा नं. ७ मा रहेको महिला क्लब पोखराले विपन्न तथा न्यून आय भएका परिबारका बालबालिकालाई शैक्षिक सामाग्री वितरण गरेको छ।

पोखरा ७ मा रहेको एक मात्र सामुदायिक विद्यालयमा अध्ययनरत २५ जना छात्र तथा छात्राहरुलाई स्कुल व्याग , कपि , कलम लगायतका शैक्षिक सामाग्री वितरण गरेको हो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं. ७ का वडा अध्यक्ष राम मोहन आचार्यले महिला क्लबले गर्दै आएका विभिन्न सामाजिक कार्यहरुको प्रशंसा गर्दै यो पटक आफ्नै वडाको विद्यालयमा अध्यनरत विद्यार्थीलाई सहयोग गरेकोमा धन्यवाद दिए । उनले आफ्नो वडामा रहेको एक मात्र सामुदायिक विद्यालयको गुणस्तर



वृद्धी गर्न लागि पर्ने प्रतिवद्धता व्यक्त गरे । वडा नं. ७ मा रहेका सम्पुर्ण आमा समुह , क्लब लगायतका सघं सस्थालाई थप क्रियाशिल बनाउन पनि महिला क्लबले नेतृत्वदायी भूमिका खेल्नु पर्नेमा उनले जोड दिए। श्री कृष्ण माध्यमिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष पुरुषोत्तम रेग्मीले कल्बले गर्दै आएको सामाजिक सेवा यस पटक विद्यालयका विद्यार्थीका लागि समर्पित गरेकोमा धन्यवाद व्यक्त गरे । महिला क्लबका अध्यक्ष मिना आचार्यले क्लबले विगत ९ वर्ष देखि संस्था सामाजिक कार्यमा क्रियाशिल रहेको बताउदै आफ्नै वडामा रहेको विद्यालयका विद्यार्थीका लागि शैक्षिक सामाग्री वितरण गर्न पाउदा खुसी व्यक्त गदै कार्यक्रम सफल पार्न सहयोग पुर्याउने विद्यालय परिबार लगाएत क्लबका सम्पुर्ण सदस्यलाई धन्यवाद व्यक्त गरिन। विद्यालयको प्रङ्गणमा सम्पन्न उक्त कार्यक्रममा स्वागत विद्यालयको तर्फबाट प्रध्यानध्यपक टिकाराम लामिछाने र संचालन महिला क्लबका उपाध्यक्ष सुनिता बरालले गरिन।

# सरकारबाट...

आफुहरुले बैदामबासीको जनभावना अनुरुपनै काम गर्ने प्रतिबद्धता जनाए। बगैचा टोलविकास संस्थाका अध्यक्ष मिना ढकालको सभा अध्यक्षतामा भएको कार्यक्रममा अन्नपूर्ण आमा समुह अध्यक्ष रेणु थापा लामिछाने, अन्नपूर्ण आमा समुहका उपाअध्यक्ष गोमा पगेनी, बगैचा टोलविकास संस्थाका सल्लाहकार प्रेमनारायण अधिकारी,अन्नपूर्ण आमा समुहका सल्लाहकार बलराम गिरी, सल्लाहकार भिमसेन भुजेल र अन्नपूर्ण आमा समुह नि.बर्तमान अध्यक्ष शान्ति रेग्मी लगाएतका बक्ताहरुले वडा नं- ६लाई पोखरा महानगर पालिका कै नुमना वडा बनाउन आग्रह गर्दे, नव निर्वाचित जनप्रतिनिहरु लाई बैदामबासीहरुको भावना लाई बुझेर अगाडि बढ्नु पर्ने कुरामा जोड दिए।

स्थानि निकायको निर्वाचन २०७९मा अध्यक्षमा विष्णु बहादुर भट्टराई, खुल्ला सदस्यमा बासु बराल, दिपेन्द्र पहारी महिला सदस्यमा पबित्रा थापा र दलित महिला सदस्यमा शोभा जलारी निर्वाचित भएका थिए। कार्यक्रममा संस्थालाई सहयोग गर्ने दाताहरुलाई सम्मान गरिएको थियो।

निशुल्क कानूनी सहायता

- निशुल्क कानूनी सहायता भनेको असमर्थ व्यक्तिलाई सरकारको तर्फबाट दिइने कानूनी राय सल्लाह तथा त्यस्तो व्यक्तिको तर्फबाट अड्डा अदालतहरुमा गरिने बहस पैरवी, लेखापढी तथा कानूनी कारबाहीका सम्बन्धमा उपलब्ध हुने अन्य सेवा समेत हो।
- वार्षिक ४० हजार रुपैयाँ वा सोभन्दा कम आय हुने व्यक्ति वा लैंगिक हिंसा वा सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराइन्छ।

गण्डकी प्रदेश सरकार
आन्तरिक मामिला मन्त्रालय
पोखरा, नेपाल।
फोन : ०६१-४६७७३२/४६७७३३

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# गाउँ पर्यटनको प्रवर्द्धनका साथ 'अन्नपूर्ण डे'

**– वासुदेव पौडेल**
**गण्डकी, २० जेठ (रासस)**

"धोएतुल्य सफा र मोहक निकै देखिन्छ नीलाम्बर
सेतो बादल कोर्छ नील नभमा बुट्टाहरू सुन्दर ।
ढाकेको हिउँले समस्त धरती, सेताम्य पाखा वन
हाम्रो देश सुरम्य विश्वभरिको सौन्दर्यको कानन ॥"

कवि वासुदेव पाण्डेयको प्रकृतिपरक कविता सङ्ग्रह 'दुलही'को भूस्वर्ग नेपाल शीर्षकको कविताको यस पङ्क्तिमा भनेजस्तै नेपाल आफैँमा सुन्दर छ । मनमोहक चाँदीजस्तै टलक्क टल्केका हिमाल नेपालका पहिचान हुन् । भौगोलिक दृष्टिले सानो राष्ट्र भएर पनि सर्वोच्च शिखर सगरमाथा, हिमाल आरोहणको जेठो हिमाल अन्नपूर्णजस्ता गौरवका कारण यहाँको महिमा र गरिमा संसारभर चुलिएको पाइन्छ ।

नेपाललाई विश्वमाझ चिनाउन अन्नपूर्ण प्रथम हिमालको विशिष्ट महत्व रहेको ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान) पश्चिमाञ्चल क्षेत्रीय सङ्घका अध्यक्ष सुशीलराज पौडेल बताउनुहुन्छ । सन् १९५० जुन ३ तारिखमा सर्वप्रथम फ्रान्सका मौरिस हर्जोगले अन्नपूर्ण हिमालको सफल आरोहण गर्नुभएको थियो । यही कारण हिमाल आरोहणको क्षेत्रमा यसलाई जेठो हिमालका रूपमा लिने गरिन्छ । जुन ३ मा अन्नपूर्ण प्रथमको सफल आरोहण भएको उपलक्ष्यमा प्रत्येक वर्ष यसै दिन अन्नपूर्ण आरोहण दिवस (अन्नपूर्ण डे) मनाउने गरिएको उहाँले जानकारी दिनुभयो ।

"टान पश्चिमाञ्चल क्षेत्रीय सङ्घले प्रत्येक वर्ष अन्नपूर्ण डेलाई विभिन्न कार्यक्रमका साथ मनाउने गर्दछ", पौडेलले भन्नुभयो, "यस वर्ष पनि ७२औँ अन्नपूर्ण आरोहण दिवस सङ्घले आज पदयात्रासँगै गाउँ पर्यटनको प्रवर्द्धन गरी मनाउन लागेको छ ।"

अन्नपूर्ण आरोहण दिवसलाई यस वर्ष जुन ३ र ४ दुईदिने कार्यक्रमका साथ पर्वतको मोदी गाउँपालिका-४ स्थित लेसपारसम्म पुगेर मनाउन लागिएको उहाँले जानकारी दिनुभयो । उक्त क्रममा जुन ३ मा पर्वतको दुर्लुङ्कोटबाट हलहले हुँदै लेसपारसम्म करिब चार घण्टा पदयात्रा र जुन ४ का दिन लेसपारदेखि क्याङ, बाजुङ हुँदै पातीचौरसम्म करिब पाँच घण्टाको पदयात्रा गरिने छ । पदयात्रा, गाउँ पर्यटन प्रवर्द्धनसँगै अन्नपूर्ण हिमाल र यसको पहिलो आरोहणको सम्झना गरिने पौडेलले बताउनुभयो । पहिलोपटक फ्रान्सेली टोलीद्वारा आरोहण गरिएको अन्नपूर्ण प्रथमको उचाइ आठ हजार ९१ मिटर रहेको छ । आरोहण सफलतासँगै सन् १९५३ मे २९ तारिखमा विश्वको सर्वोच्च शिखर सगरमाथामामा सर्वप्रथम तेन्जिङ नोर्गे शेर्पा र सर एडमण्ड हिलारीले सफल आरोहण गरी कीर्तिमान कायम गरेका थिए । सगरमाथाभन्दा अन्नपूर्ण प्रथम हिमालको उचाइ कम भएको र आरोहणका दृष्टिले कठिन भएका कारण आरोहणको सफलताले त्यति चर्चा नपाए पनि यसको गरिमा र महत्व छुट्टै रहेको नेपाल पर्वतारोहण सङ्घ गण्डकी प्रदेशका अध्यक्ष शेषकान्त शर्मा बताउनुहुन्छ ।

यस वर्ष माछापुच्छ्रे गाउँपालिका-१ टुसेमा विशेष कार्यक्रम आयोजना गरिएको छ । अन्नपूर्ण डेको अवसरमा सङ्घले टुसेबाट हिलेखर्क, खुमाइडाँडा, नाउजे खर्क, रानी खर्क हुँदै सेती नदीको उद्गमस्थल तीनशीरसम्मको पदमार्ग अन्वेषण गर्न लागेको शर्माले जानकारी दिनुभयो । अन्वेषण टोलीलाई गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङले बिदाइ गर्ने कार्यक्रम छ । अन्नपूर्ण डेकै अवसरमा टुसेमा सङ्घका संस्थापक अध्यक्ष हरिध्वज तुलाचनको संयोजनमा बौद्ध परम्पराअनुसार पूजाआजा गर्ने कार्यक्रम छ ।

अन्नपूर्ण प्रथमको आरोहणसँगै सन् १९५० देखि १९६० को दशकमा पोखरामा हिप्पी पर्यटकको आगमन बढेको पाइन्छ । त्यसयतामात्रै पोखरा विदेशी पर्यटकको आकर्षणको गन्तव्य बन्दै गएको हो । टान पश्चिमाञ्चल क्षेत्रीय सङ्घले प्रत्येक वर्ष अन्नपूर्ण डेमा अन्नपूर्ण हिमाल देखिने १०० वर्षभन्दा पुराना गाउँमा विभिन्न कार्यक्रम गर्ने गरेको छ । पोखराको पर्यटनसँग प्रत्यक्ष जोडिएको अन्नपूर्ण आरोहण दिवस मनाउँदै गर्दा प्राचीन महत्वका गाउँ र त्यहाँको घरबासको प्रवर्द्धन पनि सँगसँगै गरिएको छ । अन्नपूर्ण प्रथमको पहिलोपटक आरोहण गरेका हर्जोगकै कारण पोखरासहित अन्नपूर्ण क्षेत्रको गरिमा बढेको विषयलाई दृष्टिगत गरी अन्नपूर्ण सेञ्चुरी पर्यटन समितिले अन्नपूर्ण आधार शिविरमा मौरिस हर्जोगको शालिक स्थापना गरेको अन्नपूर्ण सेन्चुरी पर्यटन समितिका अध्यक्ष ललित गुरुङले जानकारी दिनुभयो ।

# वन्यजन्तुका लागि सामुदायिक वनमा पोखरी निर्माण

**पोखरापत्र संवाददाता**
**गोरखा, २० जेठ**

वन्यजन्तुको उपभोगका लागि गोरखाका सामुदायिक वनमा पोखरी निर्माण गरिएका छन् । डिभिजन वन कार्यालयले जिल्लाभित्रका सामुदायिक वनमा 'एक सामुदायिक वन, एक संरक्षण पोखरी' कार्यक्रमअन्तर्गत हालसम्म १५ पोखरी निर्माण गरेको छ ।

सहायक वन अधिकृत महेश पौडेलका अनुसार पोखरी निर्माणका लागि छनोटमा परेका प्रत्येक सामुदायिक वनलाई कार्यालयले रु एक लाख उपलब्ध गराउँदै आएको छ । "कार्यालयले उपलब्ध गराएको रकमबाहेक थप २० प्रतिशत रकम उपभोक्ताको साझेदारीमा लगानी हुन्छ, उपभोक्ता र कार्यालयको साझेदारीमा सामुदायिक वनमा पोखरी निर्माण गरिँदै आएको छ", उहाँले भन्नुभयो ।

वन कार्यालयले सकेसम्म सामुदायिक वनमा नजिकै पानीको मुहान भएको ठाउँमा पोखरी निर्माण गर्ने गरेको छ । पानी अभाव भएको स्थानमा समेत बाहिरबाट पाइपमा पानी ल्याएर पोखरीमा सङ्कलन गर्ने गरेको छ । "वन्यजन्तुलाई अब पानीको अभाव हुँदैन", पौडेलले भन्नुभयो, "त्यसबाट जङ्गली जनावर गाउँबस्तीमा छिर्ने क्रम रोकिने छ ।" पोखरी निर्माणले जैविक विविधता संरक्षण, जलवायु अनुकूलन तथा मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनमा योगदान पुग्ने उहाँको भनाइ छ ।

जङ्गलमा पोखरी निर्माण गर्दा डढेलो लागेमा त्यसलाई निभाउन पनि सहज हुनेछ । कार्यालयले निर्माण गर्दै आएको पोखरी करिब १३ मिटर लम्बाइ ६ मिटर चौडाइ र झण्डै एक मिटर गहिराइको रहेको छ । कार्यालयले आर्थिक वर्ष २०७५/७६ देखि गोरखाका सामुदायिक वनमा 'एक सामुदायिक वन, एक-एक पोखरी' कार्यक्रमअन्तर्गत पोखरी निर्माण गर्दै आएको हो ।

# रघुगङ्गामा टेलिकमको सेवा विस्तार

**पोखरापत्र संवाददाता**
**बेनी, २० जेठ**

म्याग्दीको रघुगङ्गा गाउँपालिका-७ चिमखोला र ८ कुइनेमङ्गलेका दुर्गम बस्तीमा नेपाल टेलिकमको सेवा विस्तार गरिएको छ । सेवा विस्तारपछि मोबाइल फोनका लागि अग्ला डाँडा र रुखमा चढ्नुपर्ने बाध्यता हटेको छ ।

रघुगङ्गा गाउँपालिका-७ चिमखोलाको पुस्तिबाङ डाँडामा अस्थायीरूपमा विद्युत्‌को पोलमा बिटियस जडान गरेर सेवा सञ्चालन गरिएको नेपाल टेलिकम म्याग्दीका प्रमुख दामोदर सिम्खडाले जानकारी दिनुभयो । "तत्कालका लागि बिजुलीको पोलमा उपकरण जडान गरेका छौँ, टावर निर्माणका लागि ठेक्का लगाइसकिएको छ, फाउण्डेशनको काम पनि सकिएको छ, छिट्टै स्थायी संरचनाबाटै सेवा सुचारु हुन्छ", उहाँले भन्नुभयो । समुन्द्री सतहदेखि २ हजार ६ सय मिटर उचाइमा रहेको पुस्तिबाङ डाँडामा टेलिकमको २५ मिटर अग्लो टावर निर्माण गर्ने योजना छ । तत्कालका लागि टुजी र थ्रिजीमार्फत भ्वाइस र डाटा एकसाथ सञ्चालनमा आएको र पक्की टावर निर्माण भएपछि अत्याधुनिक प्रविधिको चौथो पुस्ताको फोरजी मोबाइल सेवा सञ्चालनमा आउने रघुगङ्गा गाउँपालिका-७ चिमखोलाका वडाध्यक्ष थकबहादुर पाइजाले जानकारी दिनुभयो । उपकरण राख्न गाउँपालिकामार्फत टावर परिसरमा भवन निर्माण भइसकेको छ ।

टावर बनेपछि चिमखोलाको जस्लाबाङ, पाल्लेखेत, गौडामुनी, नगलडाँडा, कुइनेमङ्गलेको मङ्गलेखानी, घ्यासीखर्क, दुवाडी, ढाँड, पाल्लेखर्क, चौरखानीलगायतका दुर्गम बस्तीमा मोबाइल फोनको सहज पहुँच पुगेको छ । दुर्गम बस्तीमा मोवाइलका लागि नेटवर्क खोज्दै अग्ला डाँडा र रुखमा चढ्नुपर्ने बाध्यता अब हटेको रितुङ मावि कुइनेमङ्गलेका शिक्षक याम घर्तीले बताउनुभयो । "सञ्चार सेवा नहुँदा निकै कठिनाइ झेल्दै आउनुपरेको थियो, अब अधिकांश बस्तीमा घरमै मोबाइल फोन प्रयोग गर्न पाइएको छ", उहाँले भन्नुभयो ।

# कालीगण्डकी दोहन रोक्न प्रहरी सक्रिय

**पोखरापत्र संवाददाता**
**बागलुङ, २० जेठ**

कालीगण्डकी नदीको अवैध दोहन रोक्न प्रहरीले सक्रियता बढाएको छ । प्रहरीले बुधबार राति अवैधरूपमा कालीगण्डकी किनारबाट ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन तथा ओसार पसार गरिरहेका दुई ट्र्याक्टर नियन्त्रणमा लिएको छ ।

यसअघि बुधबार बागलुङ नगरपालिका-१ कालीगण्डकी किनारमा अवैधरूपमा ढुङ्गा र बालुवाको उत्खनन तथा ओसार पसार गरिरहेका तीन ट्र्याक्टर प्रहरीले नियन्त्रणमा लिएको थियो । सर्वोच्च अदालतले नदीजन्य पदार्थको उत्खनन नगर्न आदेश दिएपछि प्रहरीले कालीगण्डकीको दोहन रोक्न सक्रियता बढाएको हो ।

पाँचवटै ट्र्याक्टर र सामग्री बागलुङ नगरपालिकालाई बुझाइएको प्रहरी नायब उपरीक्षक इन्द्रबहादुर रानाले बताउनुभयो । बुधबार प्रहरीले कालीगण्डकी किनारबाट ध१त ४१७ र लु४त ८३६३ नंको ट्र्याक्टर नियन्त्रणमा लिएको हो । "अदालतले नदीजन्य पदार्थको उत्खनन रोकेको छ, सोहीअनुसार सहयोग गर्न प्रहरीलाई भनेका छौँ", बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठले भन्नुभयो ।

प्रहरीले बुधबार ध१त ३५५, ध१त २३७ र ध१त ४५८ नंको ट्र्याक्टर नियन्त्रणमा लिएर बागलुङ नगरपालिकालाई बुझाएको छ । ट्र्याक्टर चालकबाट पहिलोपटक रु पाँच हजार, दोस्रो पटक रु १० हजार र तेस्रोपटकमा रु २० हजार जरिवाना असुल्ने कानुनी व्यवस्था छ ।

# कर्मचारी अभावमा सेवा प्रवाह प्रभावित

**पोखरापत्र संवाददाता**
**लमजुङ, २० जेठ**

लमजुङ बैँसीसहर नगरपालिका वडा नं ७ मा रहेको राष्ट्रिय वाणिज्य बैंक बैँसीशहर शाखामा दरबन्दीअनुसार कर्मचारी नहुँदा सेवाप्रवाहमा समस्या भएको छ । करिब चार महिनादेखि दरबन्दीअनुसार कर्मचारी नहुँदा दैनिक सेवा प्रवाहमा समस्या भइरहेको हो ।

पाँच मिनेटमा हुने कामसमेत कर्मचारी अभावका कारण सेवाग्राही घण्टौँ लाइनमा बस्नुपर्ने बाध्यता रहेको छ । सेवाग्राहीलाई मात्र नभई सीमित सङ्ख्यामा रहेका कर्मचारीलाई समेत सेवा प्रवाहमा समस्या हुँदै आइरहेको छ । दरबन्दीअनुसार कर्मचारी नहुँदा दिनहुँ बढी समय कर्मचारी खटिनुपर्ने, बिहान ९:३० बजेदेखि खटिएर बेलुका ७:३० बजेसम्म पनि काम गर्नुपर्ने बाध्यता रहेको राष्ट्रिय वाणिज्य बैंक बैँसीसहर शाखा प्रबन्धक सोमनाथ पौडेलले बताउनुभयो ।

यसरी काम गर्दा पनि छिटोछरितो सेवा प्रवाह गर्नलाई समस्या परिरहेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "पहिला ५ बजेसम्म सबै काम सम्पन्न गर्न सक्थ्यौँ, तर अहिले शौचालय जान पनि फुर्सद छैन ।" यहाँ दरबन्दीअनुसार १५ जना हुनुपर्ने भए पनि हाल पाँच जना मात्र कर्मचारी रहेका छन् । तीमध्ये शाखा प्रबन्धक पौडेलसहित सहायक प्रबन्धक रञ्जित लामा, कर्जा हेर्ने कर्जा इञ्चार्ज उपेन्द्रबहादुर विष्ट, नगद प्रबन्धक हरिमाया श्रेष्ठ र नगद सहायक सुमित्रा घिमिरे रहेका छन् ।

# म्याग्दीका स्थानीय तहमा कार्यपालिकाले पूर्णता पायो

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २० जेठ**

स्थानीय तह निर्वाचनअन्तर्गत म्याग्दी जिल्लाका छवटै स्थानीय तहको कार्यपालिकाले पूर्णता पाएको छ ।

गत वैशाख ३० गते भएको स्थानीय तह चुनावबाट निर्वाचित जनप्रतिनिधिको मतदानबाट बेनी नगरपालिकामा आठ र पाँचवटा गाउँपालिकामा छ/छ जना सदस्य चुनिएसँगै कार्यपालिकाले पूर्णता पाएका हुन् । बेनी, धौलागिरि र रघुगङ्गामा सत्तारुढ दलको गठबन्धन, अन्नपूर्ण र मंगाला गाउँपालिकामा नेकपा (एमाले) तथा मालिका गाउँपालिकामा एमाले, माओवादी र नेकपा एकीकृत समाजवादीका उम्मेदवार कार्यपालिका सदस्यमा निर्वाचित भएका छन् । बेनी नगर कार्यपालिका सदस्यमा दलित वा अल्पसङ्ख्यकतर्फ नेपाली कांग्रेसका मनकुमारी विश्वकर्मा, माओवादी केन्द्रका किसान विश्वकर्मा, एकिकृत समाजवादीका कृष्णकुमार विश्वकर्मा, महिला सदस्यतर्फ काँग्रेसका निर्मला मल्ल, बबिता सापकोटा सृजना श्रेष्ठ, माओवादी केन्द्रका मिनाकुमारी कार्की र सुजाता किसान निर्वाचित हुनुभएको छ । मङ्गला गाउँपालिकाको दलित वा अल्पसङ्ख्यक कार्यपालिका सदस्यमा एमालेका शङ्कर शेरचन र टेकबहादुर किसानको एकल मनोनयन दर्ता भएपछि निर्विरोध हुनुभएको थियो । महिला सदस्यमा एमालेकी डिलकुमारी खत्री, तिलकुमारी खत्री, भूमिसरा बुढाथोकी र सरस्वती उपाध्याय निर्वाचित हुनुभएको छ । धौलागिरि गाउँपालिकाको अल्पसङ्ख्यक वा दलित कार्यपालिका सदस्यमा कांग्रेसका भवीन्द्र छन्त्याल र एकीकृत समाजवादीका देउप्रसाद छन्त्याल पुन, महिलातर्फ कांग्रेसकी फुलमाया बुढाथोकी, नरकुमारी बुढाथोकी, नेकपा माओवादी केन्द्रका डिलकुमारी विक र सीताकुमारी छन्त्याल निर्वाचित हुनुभएको छ ।

रघुगङ्गाको गाउँपालिकाको दलित वा अल्पसङ्ख्यक कार्यपालिका सदस्यमा कांग्रेसकी सम्झना परियार र माओवादीका होमबहादुर दर्जी, महिलातर्फ कांग्रेसका कुमारी पुर्जा गर्बुजा, धनमाया गोतामे, प्रिति गर्बुजा र सोमिता पुन निर्वाचित हुनुभएको छ । अन्नपूर्ण गाउँपालिकाको दलित वा अल्पसङ्ख्यकबाट कार्यपालिका सदस्यमा एमालेका वीरबहादुर पौडेल र मिठु विक, महिला सदस्यमा देवकुमारी पुन, गेममाया पुन, विष्णुकुमारी गर्बुजा र आशा गुरुङ निर्विरोध हुनुभएको छ ।

कार्यपालिका सदस्यसहित जिल्लामा स्थानीय तह निर्वाचनबाट २५० जनप्रतिनिधि चुनिएका छन् । कार्यपालिकाले पूर्णता पाएसँगै जिल्ला समन्वय समिति गठनको तयारी भएको छ । जिसस गठनका लागि जिल्लामा एमालेको एकल बहुमत छ ।

# नर्सरीबाट मनग्ये आम्दानी

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २० जेठ**

पश्चिम म्याग्दीको मङ्गला गाउँपालिकाका एक कृषकले रु ४० लाखको लगानीमा डेढ रोपनी जग्गामा स्थापना गरेको नर्सरीमा ४० हजार बढी सुन्तलाका बिरुवा तयारी अवस्थामा छन् ।

मङ्गला-४ बरङ्जाको आरकुलीका रेशम बुढाथोकीले आफ्नै घरछेउमा जग्गामा नर्सरी स्थापना गरी मनग्ये आम्दानीसमेत गर्दै आउनुभएको छ । उहाँका नर्सरीमा अहिले १८ महिनाका २५ हजार र ३२ महिनाका करिब १५ हजार स्थानीय बाँसखर्क जातका सुन्तलाका बिरुवा बिक्रीका लागि तयारी भएको उहाँले जानकारी दिनुभयो । नर्सरीमा उत्पादन गरिएका सुन्तलाका बिरुवाको परीक्षण (पिसिआर) पनि गरिएको छ । क्षेत्रीय कृषि अनुसन्धान केन्द्र लुम्लेबाट विज्ञको टोली ल्याई परीक्षण गर्दा बिरुवामा रोग नदेखिएको उहाँले बताउनुभयो । एक हजार ६३० मिटरको उचाइमा उत्पादन गरिएको बिरुवा भएकाले उत्पादन राम्रो दिने उहाँको भनाइ छ । जिल्ला तथा आसपासका कृषकलाई नर्सरीमा आई बिरुवा खरिद गरी व्यावसायिक सुन्तला खेती गर्न बुढाथोकीले अनुरोध गर्नुभएको छ । विसं २०६९ देखि व्यावसायिक कृषि पेशा अँगालेका बुढाथोकीको नर्सरीमा हाल सुन्तलासँगै एक हजार २०० ओखरका बिरुवा, चार हजार कागतीका बिरुवा, चार हजार टिमुरका बिरुवा र पाँच हजार डालेघाँसलगायतका बिरुवा तयारी अवस्थामा छन् ।

यसबाहेक ८४ किवीका बोटले अघिल्लो वर्षदेखि उत्पादन दिन सुरु गरेका छन । बरङ्जा नर्सरी तथा पशुपन्छी पालन फर्म दर्ता गरी व्यावसायिक कृषिमा पेसामा लागेका बुढाथोकीको नर्सरीमा हालसम्म करिब रु ४० लाख लगानी पुगको छ । गत आर्थिक वर्षमा कृषि ज्ञान केन्द्र बेनीबाट प्राप्त रु पाँच लाख अनुदानले दुई वटा ग्रीन हाउस निर्माण गरेको कृषक बुढाथोकीले बताउनुभयो । यस्तै क्षेत्रीय कृषि अनुसन्धान केन्द्र लुम्लेबाट रु दुई लाख ५० हजार बराबरको कृषि सामग्री सहयोग प्राप्त भएको उहाँको भनाइ छ । तयारी भएका सुन्तलाको बिरुवाको बजारमा भने समस्या भएको छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाब | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शारीरिक झमेला | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : झमेला बढ्ने | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

## सर्टिफिकेट हराएको सूचना

मिति २०७९ साल जेठ १२ गतेका दिन भद्रकालीदेखि शितलादेवी तर्फ जाँदै गर्दा मेरो एसइई सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न बमोजिमको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : मदन गुरुङ
नागरिकता नं. : ४६-०१-७७-०५७०३
SEE Symbol No: 04109437 0
सम्पर्क नं. : ९८१७१७९३९३, ९८१७१९०१६८

## स्वैच्छिक खारेजीमा रहेको पार्वती मेटल वर्क्स प्राइभेट लिमिटेडका लिक्विडेटरद्वारा जारी गरिएको हकदावी सम्बन्धी सूचना

यस पार्वती मेटल वर्क्स प्राइभेट लिमिटेड (प्राइभेट लिमिटेड दर्ता नं. १३५८८४) लाई यस कम्प( नीको मिति २०७९/२/१५ गते बसेको विशेष साधरणसभाले विशेष प्रस्ताव पारित गरि स्वैच्छिक खारेज गर्ने निर्णय गरी हामीलाई लिक्विडेटर नियुक्त गरेको जानकारी गराउदै यस कम्पनी उपर कुनै व्यक्ति, संघ संस्था, कम्पनी तथा निकाय कसैको केही दावी, लेनदेन, लिनु, दिनु भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सप्रमाण सहित माग दावी तथा सो दावी प्रमाणित गर्ने प्रमाणीत कागजातसहित निम्न लिखित ठेगानामा सर्म्पक गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र कुनै दावी पर्न नआएमा नियमानूसार कम्पनी खारेज हुने व्यहोराको जानकारी समेत गरिएको छ ।

लिक्विडेटर
अधिवक्ता टिकाराम शर्मा लिक्विडेटर इ. नं. ४२३
ठेगानाः आई. एल. आइ. आर. सि. प्राइभेट लिमिटेड, न्यूरोड, काठमाडौं
सम्पर्क नं. ०१-५३५३७६९, मो. ९८४९०२५१२९, इमेलः limspvtltd@gmail.com

# लमजुङमा नयाँ पाठ्यपुस्तक अभाव

**पोखरापत्र संवाददाता**
**लमजुङ, २० जेठ (रासस)**

पहाडी जिल्ला लमजुङमा पाठ्यपुस्तक अभाव भएको छ । नयाँ शैक्षिक सत्र यही जेठ १ गतेदेखि सुरु भए पनि अझै जिल्लामा नयाँ पाठ्यपुस्तक आइनपुग्दा विद्यार्थीलाई पाठ्यपुस्तक अभाव भएको हो ।

मर्स्याङ्दी गाउँपालिका-३ खुदीस्थित अमर माध्यमिक विद्यालयकी कक्षा ९ मा अध्ययरत सोनिका गुरुङ विद्यालय जान थालेको दुई हप्ता भइसकेको छ । हालसम्म पाँच वटा किताब किन्न पाए पनि चारवटा किताब किन्न नपाउँदा अध्ययनमा समस्या भइरहेको उनको गुनासो थियो । उनीमात्र होइन जिल्लाका हजारौँ विद्यार्थीको समस्या समस्य पनि उस्तै छ । करिब दुई वर्ष कोरोना महामारीका कारण पठनपाठनमा असर पारेपछि सुरु हुन लागेको नयाँ शैक्षिक सत्रको पढाइ पनि किताब अभावमा समस्या हुँदा विद्यार्थी चिन्तित बनेका छन् । समयमै पाठ्यपुस्तक उपलब्ध नगराउँदा आफूहरुको भविष्यमाथि नै खेलबाड भएको विद्यार्थीको भनाइ छ । जिल्लामा पाठ्यपुस्तक अभावका कारण विद्यार्थीलाई मात्र नभई शिक्षक शिक्षिकालाई समेत समस्या बनाइरहेको छ । सरकारले निःशुल्क उपलब्ध गराउने किताब नै अभाव भएपछि विद्यार्थीलाई पठनपाठनमा समस्या भएको सम्बद्ध शिक्षकको भनाइ थियो । बैंसीसहर नगरपालिका-७ स्थित जनविकास माध्यमिक विद्यालयका प्रधानाध्यापक रत्नमान श्रेष्ठले भन्नुभयो, "पठनपाठन सुरु भएको यतिका समय हुँदासमेत अझै किताब उपलब्ध नहुँदा विद्यार्थीलाई मात्र नभई शिक्षकलाई समेत समस्या भइरहेको छ ।" पुराना किताब खोज्ने र त्यसैबाट अध्यापन गराउन थाले पनि कक्षा ४, ७ र ९ का विद्यार्थीलाई भने नयाँ कोष भएकाले बढी समस्या भइरहेको उहाँको भनाइ थियो ।

त्यस्तै सोही नगरपालिका-७ चण्डीडाँडास्थित जनविकास माध्यमिक विद्यालयका प्रधानाध्यापक राजु थापाका अनुसार पुस्तक पसलमा किताब उपलब्ध नहुँदा आवश्यकताअनुसार विद्यार्थीले किताब पाएका छैनन् । जेठ ४ गतेदेखि पठनपाठन सुरु गरिएकामा किताब अभाव भएकाले विद्यार्थीलाई पढाइमा थप समस्या भइरहेको उहाँले बताउनुभयो । स्थानीय तहको निर्वाचनका कारण पाठ्यपुस्तक छपाइमा ढिलाइ गर्दा र जिल्लामा समयमै किताब उपलब्ध नहुँदा विद्यार्थी दैनिक पुस्तक किन्न आउने विद्यार्थी रित्तै फर्किने गरेको पुस्तक पसलेको भनाइ थियो । केही विषयका आए पनि सबै विषयका पाठ्यपुस्तक उपलब्ध नभएको बताइएको छ । शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख वीरबहादुर गुरुङका अनुसार विद्यालयमा पाठ्यपुस्तक अभाव भएको चर्को गुनासा आइरहे तापनि समाधान भने हुन सकेको छैन ।

केही विद्यालयले पुराना किताबबाट पठनपाठन गराएका र इन्टरनेटको सुविधा भएको विद्यालयमा इन्टरनेटबाट खोजेरसमेत पढाउने गरे पनि दुर्गमका विद्यार्थीलाई बढी समस्या भइरहेको उहाँले बताउनुभयो । जतिसक्दो छिटो आवश्यक किताब जिल्लामा उपलब्ध गराउनका लागि पहल भइरहेको उहाँले जानकारी दिनुभयो । जिल्लामा सामुदायिक विद्यालय ३३६ तथा निजी ३३ विद्यालय छन् । विसं २०७८ सम्मको तथ्याङ्कअनुसार सामुदायिक विद्यालयमा २५ हजार ८१० विद्यार्थी छन् भने निजीमा आठ हजार ४९२ विद्यार्थी छन् ।

# 'प्याकेजिङ' खाद्यवस्तुबारे विद्यालयमा सचेतना

**पोखरापत्र संवाददाता**
**बागलुङ, २० जेठ**

बागलुङका विद्यालयमा बालबालिकालाई 'प्याकेजिङ' गरिएका खाद्यवस्तुबाट स्वास्थ्यमा हुने दीर्घकालीन असरबारे सचेत बनाइने भएको छ ।

विद्यालयमै पुगेर 'प्याकेजिङ' गरिएका खाद्यवस्तुको लेबल विवरण तथा खाद्य स्वच्छतासम्बन्धी जानकारी गराइने भएको खाद्य प्रविधि तथा गुणनियन्त्रण डिभिजन कार्यालयले जनाएको छ । आउँदो जेठ २४ गते मनाइने चौधौँ खाद्य स्वच्छता दिवसको अवसरमा आयोजित विविध कार्यक्रमअन्तर्गत विद्यालय तहका विद्यार्थीलाई 'प्याकेजिङ' गरिएका खाद्यवस्तुसम्बन्धी सचेतनालाई प्राथमिकतामा राखेको हो । 'स्वच्छता सन्तुलित आहार, स्वस्थ जीवनको आधार' भन्ने नारासहित मनाउन लागिएको दिवसमा उपभोक्ताको खाद्य स्वच्छतासम्बन्धी अधिकार प्रत्याभूति गर्न बालबालिकालाई सचेत गराउन थालिएको डिभिजन प्रमुख सौरभ श्रेष्ठले बताउनुभयो । "हामीले यसअघि पनि सदरमुकामा रहेका केही विद्यालयमा खाद्य स्वच्छतासम्बन्धी कार्यक्रम सञ्चालन गरीसकेका छौँ", उहाँले भन्नुभयो, "विद्यालयको वातावरण हेरेर दिवसको अवसरमा केही विद्यालयका बालबालिकामा सचेतनामूलक कार्यक्रम लैजाने यस पटकको योजना छ ।" बालबालिकालाई सचेत गराउँदा भावी पुस्तामा खाद्य स्वच्छतासम्बन्धी चेतनाको विकास हुने र वर्तमानमा अस्वस्थ्य खाद्यान्नको प्रयोगमा कमी आउने उहाँको बुझाइ छ ।

विद्यालयमा दिवा खाजाको रुपमा प्रयोग हुने 'प्याकेजिङ' खानाको लेबल तथा म्याद र त्यसमा प्रयोग भएका खाद्यवस्तुको विषयमा जानकारीको अभावमा बालबालिकाले अखाद्य वस्तु प्रयोग गरिरहेका कतिपय घटना बेलाबेलामा बाहिरिने गरेका छन् । सरकारले कक्षा ५ सम्मका बालबालिकाका लागि दिवा खाजाको व्यवस्था गरेको भए पनि बागलुङका अधिकांश विद्यालयले खाजाको व्यवस्था नगरी प्रतिविद्यार्थी खाजाबापत प्राप्त हुने रकम अभिभावकको जिम्मा लगाउने गरेका छन् ।

डिभिजन कार्यालयले जेठ १९ गतेदेखि विभिन्न कार्यक्रमको आयोजना गरेर खाद्य स्वच्छता दिवस मनाइरहेको छ । सप्ताहअन्तर्गत विद्यालयमा सचेतना कार्यक्रमका साथै होटल तथा रेष्टुराँ अनुगमन गर्ने, बजार तथा खाद्य उद्योग अनुगमन गर्ने खाद्यान्नमा प्रयोग हुने रङको विषयमा सचेनतामूलक कार्यक्रम सञ्चालन गरिने श्रेष्ठले बताउनुभयो । खाद्य स्वच्छतासम्बन्धी विभिन्न जानकारी समेटिएका प्रचार सामग्री कार्यालय परिसर तथा मानिसको आवतजावत बढी हुने ठाउँमा राख्न थालिएको छ । दिवस मनाउन डिभिजन कार्यालयले आम सर्वसाधारणलाई स्वच्छ खाद्यवस्तु प्रयोग गर्न पाउने उपभोक्ताको अधिकारप्रति सचेत रहनेगरी सप्ताहव्यापी कार्यक्रममा सहभागी हुन अपिल गरेको छ ।

# २७ वर्षपछि कालोपत्र

**पोखरापत्र संवाददाता**
**पोखरा, २० जेठ**

बाटो बनेको २७ वर्षपछि बागलुङ-बेनी सडक कालोपत्र हुन लागेको छ । बागलुङ-बेनी, म्याग्दी र मुस्ताङ जिल्लालाई राष्ट्रिय राजमार्गसँग जोड्ने वैकल्पिक सडक हो । करिब २० किलोमिटर दूरीको यो सडक विसं २०५२ मा मार्ग खुलेको थियो । बागलुङदेखि दश वर्षअघि सडक कालोपत्र गर्न थालिएको थियो । बागलुङदेखि बेनीसम्मको सबै खण्डमा सडक कालोपत्र गर्ने कामले यसपालि पूर्णता पाउन लागेको पूर्वाधार विकास कार्यालय म्याग्दीले जनाएको छ । कार्यालयका निमित्त प्रमुख गुरुदत्त अधिकारीले बागलुङ-बेनी सडकको अन्तिम खबरा-बेनी खण्ड कालोपत्र सकिन लागेको जानकारी दिनुभयो ।

"बागलुङदेखि रत्नेचौरको भुवानेसम्मसडकडिभिजनलेयसअघिनै कालोपत्र गरेको थियो", उहाँले भन्नुभयो, "सडकले पूर्वाधारलाई हस्तान्तरण गरेको भुवानेदेखि खबरा हुलाकेसम्मको तीन किलोमिटर ८०० मिटर र पूर्वाधारले ठेक्का लगाएको खबरा-बेनी एक किलोमिटर २०० मिटर सडक कालोपत्र यही आवभित्र सक्ने लक्ष्यसहित काम भइरहेको छ ।"

९२ प्रतिशत भौतिक प्रगति भएको भुवाने-खबरा खण्डलाई पूर्णता दिन निर्माण व्यवसायी दुई वर्षपछि काममा फर्किएका छन् । खबरा-बेनी खण्डको अधिकांश ठाउँमा विस्तार, नाली र पर्खाल निर्माण गरेर कालोपत्र तथा ढलानलाई तीव्रता दिइएको निमित्त प्रमुख अधिकारीले बताउनुभयो ।

सडक कालोपत्र भएपछि आवतजावत सहज, यात्राअवधि छोटिएको र दुर्घटनाको जोखिम घट्ने अपेक्षा गरिएको छ । कच्ची, साँघुरो र ग्रेड तथा घुम्ती नमिलेको सडकलाई फराकिलो बनाएर पहिरो रोकथामका लागि पहिरो र भलबाढी व्यवस्थापन गर्न नाली बनाइएको खबरा-बेनी खण्डको ठेकेदार बिरुवा-सिमरन जेभीका प्रतिनिधि प्रदीप सापकोटाले बताउनुभयो । सो कम्पनीले विसं २०७७ साउनमा करसहित रु पाँच करोड ४३ करोड ३७ हजार ५९९ मा ठेक्का सम्झौता गरेको थियो । २०७८ असार ३० गतेभित्र भएको सम्झौतालाई आगामी असारसम्म थप गरिएको छ । रत्नेचौरदेखि खबरासम्मको सडक कालोपत्रे नसकिँदै लकडाउन (बन्दाबन्दी) भएर विसं २०७६ चैत महिनादेखि रोकिएको थियो ।

# जिसस बागलुङको निर्वाचन जेठ ३१ मा

**पोखरापत्र संवाददाता**
**बागलुङ, २० जेठ**

जिल्ला समन्वय समिति बागलुङको निर्वाचन कार्यतालिक सार्वजनिक भएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालयले सार्वजनिक गरेको निर्वाचन तालिकाअनुसार जिससको नयाँ नेतृत्व चयनका लागि मतदान जेठ ३१ गतेका लागि तोकिएको छ ।

जेठ २४ गते एकै दिन मतदाता नामावली प्रकाशन, मतदाता नामावली सच्याउन वा छुट नाम समावेश गर्न दरखास्त दिने, संशोधन मतदाता नामावली प्रकाशन गर्ने कार्यतालिका छ । २५ गते मतदाताको विरोधमा उजुरी दिने, मतदाताको विरोधमा परेको उजुरीउपर जाँचबुझ गर्ने, अन्तिम मतदाता नामावली प्रकाशन गर्ने रहेको छ ।

जेठ २६ गते उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने र मनोनयन पत्र दर्ता भएका उमेदवारको सूची प्रकाशन गर्ने रहेको छ । २७ गते उम्मेदवारको विरोधमा उजुरी दिने, २८ गते मनोनयन पत्रको जाँच र उजुरीउपर निर्णय गर्ने, उम्मेदवारको नामावली प्रकाशन गर्ने रहेको छ । २९ गते उम्मेदवारको नाम फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने, उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने रहेको छ ।

निर्वाचनको कार्यतालिका सार्वजनिक भएसँगै जिल्ला समन्वय समितिको नेतृत्वको विषयमा चर्चा सुरु भएको छ । बागलुङमा ११ प्रमुख/तथा उपप्रमुख जितेको नेपाली कांग्रेस जिससका लागि एकल बहुमत भएको पार्टी हो । दोस्रोमा नेकपा (माओवादी केन्द्र) र राष्ट्रिय जनमोर्चाले समान चार/चार सिट जितेका छन् । नेकपा (एमाले)ले भने एक सिट मात्रै जितेकाले उसको मतभार एकमात्रै हो । जिससका लागि दश स्थानीय तह रहेको बागलुङमा २० मत छ ।

बहुमत रहेको पार्टी कांग्रेस भए पनि यहाँ जिससको नेतृत्व भने राष्ट्रिय जनमोर्चाले पाउने चर्चा छ । पालिका प्रमुख/उपप्रमुख एक सिटसमेत नजितेको नेकपा (एकीकृत समाजवादी)ले जिसको उपप्रमुख पाउने छ ।

"पहिले भएको सहमतिको आधारमा राजमोलाई प्रमुख र एकीकृत समाजवादीलाई उपप्रमुख दिने निर्णय भएको छ", जिससका संयोजकसमेत रहनुभएका राजमो नेता राजेन्द्र ढुङ्गानाले भन्नुभयो, "बाँकी सात जना सदस्यको विषयमा दलहरुबीच छलफल हुनेछ ।" तर, कांग्रेसका एक तहका नेताले भने एकल बहुमत भएका बेला सहमति तोडेरै भए पनि जिससको प्रमुख आफैँले लिनुपर्ने धारणा राख्दै आएका छन् ।

जिससको पदाधिकारी वा सदस्य हुन पालिका वा वडा तहमा निर्वाचन जितेको हुनुपर्ने व्यवस्था छ । राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष अमरबहादुर थापा काठेखोला गाउँपालिकाको वडासदस्यमा निर्वाचित भएकाले उहाँनै सम्भवत जिल्ला समन्वय समितिको संयोजक बन्ने चर्चा छ । स्थानीय तह निर्वाचन-२०७९ को कार्यविधिअनुसार पालिकामा निर्वाचित जनप्रतिनिधिले पदभार ग्रहण गरेको बढीमा १५ दिनभित्र कार्यपालिका सदस्यको लागि निर्वाचन गर्नुपर्ने व्यवस्था छ भने जिससमा एक महिनाभित्र निर्वाचन गरिसक्नुपर्ने व्यवस्था छ । बागलुङमा पहिलो पदभार ग्रहण जेठ ५ गते भएकाले आउँदो असार ५ गतेभित्रै जिल्ला समन्वय समितिको नेतृत्व चयन हुनुपर्ने थियो । यसअघि २०७४ साल साउन १९ गते जिल्ला समन्वय समितिको निर्वाचन भएको थियो । एमाले र राष्ट्रिय जनमोर्चाको गठबन्धनले त्यतिबेला जिससको नेतृत्व गरेको थियो भने यसपटक एमाले जिससबाट बाहिरिने छ ।

# हावाहुरीले ऐतिहासिक कोतघरमा क्षति

**पोखरापत्र संवाददाता**
**बागलुङ, २० जेठ**

हावाहुरीले गलकोट नगरपालिका-३ स्थित ऐतिहासिक गलकोट कोतघरमा क्षति पुऱ्याएको छ । केही दिनअघि आएको हावाहुरीका कारण रुख ढल्दा कोतघरको गारो र छानो भत्किएको हो ।

कोतघर पूजा व्यवस्थापन समितिका अध्यक्ष मीनबहादुर खत्रीका अनुसार सल्लाको हाँगाले कोतघरको दक्षिणपट्टिको भागमा क्षति पुगेको हो । "सिङ्गै रुख कोतघरमाथि परेका भए झन ठूलो क्षति निम्तने थियो", उहाँले भन्नुभयो । चौबिसे राज्यका पालाको उक्त कोतघर रुग्ण अवस्थामा छ । विसं २०४० तिर पुनःनिर्माण गरिए पनि फेरी जीर्णोद्वार गर्नुपर्ने स्थिति छ ।

"यसै त कोतघर धेरै पुरानो भइसक्यो, भूकम्पले पनि चर्किएको थियो", अध्यक्ष खत्रीले भन्नुभयो, "संरचना कमजोर भइसकेकाले सामान्य मर्मतसम्भारले मात्र हुँदैन, पुनःनिर्माण नै गर्नुपर्छ ।" उहाँले बर्सातका बेला कोतघरमा थप क्षति हुन नदिन बाहिरी सुरक्षा र सामान्य मर्मतको काम थालिएको बताउनुभयो । अध्यक्ष खत्रीले कोतघरका लागि दीर्घकालीन संरक्षण योजना चाहिएको उल्लेख गर्नुभयो । वडा नं ३ का अध्यक्ष फमबहादुर खत्रीले कोतघरको पुनःनिर्माणका लागि नगरमार्फत गण्डकी प्रदेशको पर्यटन तथा संस्कृति मन्त्रालय र सङ्घ सरकारसँग सहयोग माग गरिएको बताउनुभयो । ऐतिहासिक र पुरातात्विक महत्वको भएकाले कोतघरको पुनःनिर्माण त्यसैअनुसार गर्नुपर्ने उहाँको भनाइ छ । यसअघि पनि नगरकै लगानीमा कोतघर संरक्षण योजनाले गति लिएको भन्दै वडाध्यक्ष खत्रीले अहिले पनि त्यसलाई प्राथमिकतामा राखिने बताउनुभयो । आव २०७६/७७ मा कोतघरलाई नगर गौरवको योजनामा समेटेर संरक्षण र विकासको काम थालिएको थियो । कोतघरलाई आकर्षक सम्पदास्थलका रुपमा चिनाउने लक्ष्यसहितनगरपालिकासंरक्षणमा जुटेको हो । नगरपालिकाको पहलमा कोतघरको मर्मतसम्भार, हातहतियार प्रतिस्थापन, घेराबार, पदमार्ग, खानेपानी, शौचालयलगायत संरचना बनेका छन् । कोतघरको बृहत् जीर्णोद्धारका लागि नगरपालिकाले विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) पनि तयारपारेकोछ । नगरप्रमुखभरत शर्मागैरेलेकोतघरलाईऐतिहासिक एवं धार्मिक पर्यटकीयस्थलका रुपमा विकास गर्ने गरी पूर्वाधार बनाइने बताउनुभयो । उहाँले हटिया बजार (मध्यपहाडी पुष्पलाल लोकमार्ग) देखि कोतघर जोड्ने पहुँच मार्ग कालोपत्रका लागि पनि डिपिआर बनेको उल्लेख गर्नुभयो ।

जीर्णोद्वार या पुनःनिर्माण गर्दा कोतघरको ऐतिहासिकता र मौलिकता जोगाइने नगरप्रमुख गैरेको भनाइ छ । उक्त कोतघरबाट विसं १६३१ देखि १८४४ सम्म मल्ल राजाले स्वतन्त्र राज्य चलाएका थिए । गलकोट राज्यका पहिला राजा जितारी मल्लले कोतघर बनाएको इतिहासमा उल्लेख छ । राजाले त्यहाँ दरबार, कोतघर, मन्दिर, पोखरी, कुवा, किल्ला, मोर्चा, पर्खाल आदि निर्माण गरेका थिए । कोतघरले झण्डै सात रोपनी जग्गा चर्चेको छ । कोतघरसँगै इष्टदेवी र भगवतीको मन्दिर पनि छ ।


## शिक्षक आवश्यकता

यस भारती भवन मा. वि. को विद्यालय व्यवस्थापन समितिको मिति २०७९/०२/०५ को निर्णय तथा पोखरा महानगरपालिका कार्यालय न्यूरोड कास्की (शिक्षा महाशाखा) को पत्र नं. ०७८/०७९ च.नं. ७३८ र मिति २०७९/०२/१७ को निर्णय अनुसार यस विद्यालयमा विद्य(ालय सहायक नियुक्ति गर्नको लागि अनुमति प्राप्त भए अनुसार तपशिल बमोजिमको योग्यता भएका इच्छुक नेपाली नागरिकबाट आवश्यक कागजात सहित दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**
**विज्ञापन नं.:** १/२०७८/०७९
**विज्ञापन मिति:** २०७९/०२/१८
**पद: विद्यालय सहायक (कर्मचारी)**
**न्यूनतम शैक्षिक योग्यता: वाणिज्य शास्त्र विषय लिई +२ उत्तीर्ण वा सो सरह**
**किसिम: अस्थाई**
**आवेदन दस्तुर:** रु १०००।–
**परीक्षाको किसिम: लिखित र अन्तरवार्ता**
**सेवा सुविधा: नेपाल सरकारको प्रचलित कानुन बमोजिम**
**दरखास्त बुझाउने अन्तिम मिति:** २०७९/०३/०१ **(कार्यालय समयसम्म)**
**निवेदन दिने स्थान: भारती भवन मा.वि. पो.म.न.पा.-१९, पुरुन्चौर, कास्की**
**सम्पर्क मिति:** २०७९/०३/०२
**परीक्षाको मिति: सम्पर्क मितिको दिन जानकारी हुनेछ ।**
**आवश्यक कागजात: शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली ना.प्र.पत्र ।**
**सम्पर्क फोन नं.:** ०६१-५०३०६२
**Email: bhawan.bharati2066@gmail.com**
**नोट: अनुभवी र माथिल्लो योग्यतालाई विशेष प्राथमिकता दिइने छ ।**

**भारती भवन माध्यमिक विद्यालय**
**पोखरा-१९ पुरुन्चौर, कास्की**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका -११, सिमलचौर भोटेकुना सडक स्तरोन्नति गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम : सिमलचौर भोटेकुना सडक स्तरोन्नति**
**योजनाको कुल लागत:** १४,११,७६५/–
**स्थान: पोखरा -११, सिमलचौर, कास्की**
**सम्झौता मिति :** २०७८/१२/२१
**योजना शुरु मिति :** २०७८/१२/२५
**योजना सम्पन्न मिति :** २०७९/०१/१६
**महानगरपालिकाबाट :** १२,००,०००/–
**जनसहभागिताबाट :** २,११,७६५/–
**उपभोक्ता समिति अध्यक्ष : इन्द्र प्रसाद आचार्य**
**उपभोक्ता समिति : ७ जना, पुरुष ४ र महिला ३ जना**

**समलचौर भोटेकुना सडक उपभोक्ता समिति**
**पोखरा-११, नमुना टोल, कास्की**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका -१३, घाटिछिना पखत खोरपाखा कृषि सडक संरक्षण योजनामा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम : घाटिछिना पखत खोरपाखा कृषि सडक संरक्षण**
**योजनाको कुल लागत:** ९,४१,१७७/–
**स्थान : पोखरा -१३, कास्की**
**सम्झौता मिति :** २०७८/१२/१५
**योजना शुरु मिति :** २०७८/१२/१६
**योजना सम्पन्न मिति :** २०७९/२/२५
**नगरपालिकाबाट :** ८,००,०००/–
**जनश्रम उपभोक्ताबाट :** १,४१,१७७/–
**उपभोक्ता समिति अध्यक्ष : विष्णु प्रसाद पौडेल**
**उपभोक्ता समिति : ९ जना, पुरुष ६ र महिला ३ जना**

**घाटिछिना पखत खोरपाखा कृषि सडक संरक्षण उपभोक्ता समिति पोखरा-२३, कास्की**